राप्ती गाउँपालिका
स्थानीय राजपत्र

| |
|---|
| राप्ती गाउँपालिकाद्धारा प्रकाशित |
| ( खण्डः ८) मसुरिया देउखुरी दाङ लुम्बिनी प्रदेश २९ गते साउन, २०८१ साल (सङ्ख्याः ५) |

वर्षः२०८१
भागः २

राप्ती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मसुरिया देउखुरी दाङको

शिक्षक दरबन्दी तथा अनुदान मिलान कार्यका लागि निवेदन आह्वान गरिएको सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा, राप्ती गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा शिक्षक दरबन्दी तथा अनुदान पुनर्वितरण तथा मिलान सम्बन्धी कार्य गर्न गाउँ कार्यपालिकाको मिति २०८१।०४।२१ को निर्णयानुसार दरबन्दी तथा अनुदान सङ्ख्या किटान गरी राजपत्रमा सूचना प्रकाशन भएको अवगत नै छ। त्यसरी किटान भएको सङ्ख्याको आधारमा पहिलो चरणमा आधारभूत तह (साविक निम्न माध्यमिक तह) कक्षा ६-८ र माध्यमिक तह कक्षा ९-१० को दरबन्दी तथा अनुदान मिलान सम्बन्धी कार्य गर्ने कार्य जिम्मेवारी अनुसार राप्ती गाउँपालिकाभित्रका सामुदायिक विद्यालयमा शिक्षक दरबन्दी तथा अनुदान पुनर्वितरण

तथा मिलान सम्बन्धी कार्यदलको मिति २०८१।०४।२८ गते बसेको बैठकबाट शिक्षक दरबन्दी तथा अनुदान मिलान सम्बन्धी कार्य गर्न सम्बन्धित सबै शिक्षकहरुका लागि निवेदन आह्वान गर्ने निर्णय भएकोले राप्ती गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि २०८१ अनुसार तपसिल बमोजिम निवेदन पेश गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। निवेदन पेश नगरेमा कार्यविधिले निर्धारण गरे बमोजिम हुनेछ।

तपसिल

१. पहिलो चरणमा आधारभूत तह कक्षा ६-८ र माध्यमिक तह कक्षा ९-१० को शिक्षक दरबन्दी तथा अनुदान मिलान गर्ने प्रयोजनको लागि तहगत रुपमा गाउँपालिकाको एउटै विद्यालयमा निरन्तर एउटै तहमा कम्तिमा सुगम क्षेत्रमा आठ र दुर्गम क्षेत्रमा पाँच शैक्षिक वर्ष वा सो भन्दा बढी कार्यावधी पुरा गरेका शिक्षक,

२. दरबन्दी तथा अनुदान मिलान भई जान इच्छुक अवधी नपुगेका अन्य शिक्षकहरु,

३. अवधी नपुगी दरबन्दी तथा अनुदान पुनर्वितरणबाट कायम भएको सङ्ख्याका आधारमा शिक्षक मिलान तथा पदस्थापन गर्न गाउँपालिका पुल दरबन्दी वा अनुदानमा रहेका बाँकी सबै शिक्षकहरु,

४. स्वीकृत दरबन्दी, राहत अनुदान, शिक्षण सिकाइ अनुदान तथा गाउँपालिका अनुदानमा कार्यरत शिक्षकहरुले यो सूचना प्रकाशन भएको मितिले सात दिनभित्र प्राथमिकता निर्धारण गरी निवेदन पेश गर्नुहुन,

५. सङ्कलन भएका निवेदनहरु एकमुष्ट यथासिघ्र वा ढिलोमा आठौं दिनभित्र विद्यालयले गाउँपालिकामा एकमुष्ट पेश गर्नुहुन।

६. सूचना, निवेदन र विवरण गाउँपालिकाको वेभसाइटमासमेत प्रकाशित गरिएको छ।

निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरुः

१. नियुक्ति पत्रको प्रतिलिपी

२. बढुवा पत्रको प्रतिलिपी

३. सम्बन्धित विद्यालयमा हालसम्म कार्यरत रहेको अवधीको प्रमाण खुल्ने पत्र विद्यालयको पत्र

४. अपाङ्गता भएका शिक्षकहरुको हकमा अपाङ्गता प्रमाणपत्रको प्रतिलिपि

आज्ञाले
विश्वास वि.क.
निमित्त प्रमुख प्रशासकीय अधिकृत।

# निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
राप्ती गाउँपालिका
गाउँपालिका कार्यपालिकाको कार्यालय
मसुरिया देउखुरी दाङ।

मितिः

विषयः निवेदन पेश गरेको सम्बन्धमा।

राप्ती गाउँपालिकाको शिक्षक दरबन्दी पुनर्वितरण तथा मिलान सम्बन्धी कार्यविधि २०८१ बमोजिम मिलान भएको विद्यालयमा जानको लागि निम्नानुसारको विवरणसहित प्राथमिकता निर्धारण गरी यो निवेदन पेश गरेको छु।

क. आधारभूत तह कक्षा ६-८ / कक्षा ९-१० सम्म

| शिक्षकको नामथर | जन्म मिति | अपाङ्गताको प्रकृति | नियुक्तिको किसिम | श्रेणी | सिफारिस योग्यताक्रम | नियुक्तिको तह | नियुक्ति मिति | बढुवा मिति | नियुक्तिको विषय | सेवा वर्ष | हाल कार्यरत विद्यालयमा कार्यरत अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |

नोटःनियुक्तिको किसिमः स्वीकृत दरबन्दीको स्थायी/करार, राहत अनुदान/ शिक्षण सिकाइ अनुदान/ गाउँपालिका अनुदान

स्थायी शिक्षकको हकमा शिक्षक संकेत नं

| माथिल्लो शैक्षिक योग्यता | शैक्षिक योग्यताको मूल विषय | शिक्षण गर्ने विषय | माथिल्लो तहमा शिक्षण गरेको भए | | सेवाकालीन तालिमको विषय |
|---|---|---|---|---|---|
| | | | तह | विषय | |
| | | | | | |

## विद्यालय छनोट र प्राथमिकता फाराम

| क्र.स. | विद्यालयको नाम | सञ्चालित कक्षा | विद्यालयमा दरबन्दी पुनर्वितरण गरी कायम भएको संख्या | प्राथमिकता क्रम | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा | |
| 1 | | | | | | |
| 2 | | | | | | |
| 3 | | | | | | |
| 4 | | | | | | |
| 5 | | | | | | |

| क्र.स. | विद्यालयको नाम | सञ्चालित कक्षा | विद्यालयमा दरबन्दी पुनर्वितरण गरी कायम भएको संख्या | प्राथमिकता क्रम | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा | |
| 6 | | | | | | |
| 7 | | | | | | |
| 8 | | | | | | |
| 9 | | | | | | |
| 10 | | | | | | |
| 11 | | | | | | |
| 12 | | | | | | |
| 13 | | | | | | |
| 14 | | | | | | |
| 15 | | | | | | |

निवेदकको हस्ताक्षर